# संवत् २०८१ साल कार्तिक १२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २६।०८१

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव राजेन्द्र देव पाण्डेलाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र रुद्र प्रसाद पण्डितलाई प्रदेश लोक सेवा आयोगमा पदस्थापन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एघारौं तहका कन्सल्टेन्ट जनरल फिजिसियन डा. रविरन्जन प्रधानलाई बेनी अस्पताल, म्याग्दीमा कामकाजमा खटाउने र प्रमुख मेडिकल सुपरिटेण्डेन्टमा एघारौं तहका कन्सल्टेण्ट पेडियाट्रिसियन डा. किरण तिवारीलाई तोक्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूहरूको आ.व. २०८०/०८१ को सम्पत्ति विवरण सार्वजनिक गर्ने। |
| ४. | स्वास्थ्य मन्त्रालय | गण्डकी र धौलागिरी आयुर्वेद औषधालयमा २५ शैय्या सहितको अन्तरंग सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ५. | स्वास्थ्य मन्त्रालय | दमौली अस्पताल र व्यास नगरपालिका वीच सम्झौता गरी व्यास नगरपालिका-१० दुम्सीबजार स्थित व्यास नगर अस्पतालमा हेमोडायलाइसिस सेवा स्थानान्तरण गरी सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने। |
| ६. | स्वास्थ्य मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को २०८०।११।०६ को आँपपिपल अस्पताल र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई पचास शय्याको अस्पतालमा स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारमा हस्तान्तरण गर्ने निर्णय भएकोले उल्लिखित अस्पतालहरू सञ्चालनार्थ संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक सहमति दिने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*